# रोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम,

कोशी प्रदेश, नेपाल

प. सं.:२०८१/०८२

च. नं. :

मिति :२०८१/१२/११

### सेवा करारमा लिने सम्बन्धी सूचना

सुरक्षित आप्रवासन (SAMI-Safer Migration) कार्यक्रम अन्तरगत यस रोङ गाउँपालिकामा देहायका जनशक्ति करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवेदक स्वयं उपस्थित भई दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम कार्यालय वा कार्यालयको वेवसाइट www.rongmun.gov.np बाट उपलब्ध हुनेछ। रीत नपुगी र म्याद नाघी आएका दरखास्त स्वीकार गरिने छैन।

**१. रिक्त पदको विवरण आदि**

| विज्ञापन नं. | पद | संख्या | न्यूनतम योग्यता र अनुभव |
|---|---|---|---|
| ९-२०८१/०८२ | मनोसामाजिक परामर्शकर्ता (सहायक स्तर पाँचौं तह) | १ | ▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यताप्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/ नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसियल वर्कमा स्नातक तह वा स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्र्याजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको वा<br>▪ कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा + 2 उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र लिएको ।<br>▪ कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव भएको, नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने।<br>▪ मनोसामाजिक परामर्शको क्षेत्रमा काम गरेको अनुभव भएको र महिलालाई विशेष विशेष प्राथमिकता दिइने। |
| १०-२०८१/०८२ | रिटर्नी स्वयंसेवक | १ | ✓ न्यूनतम १० कक्षा उत्तीर्ण गरी वैदेशिक रोजगार (खाडी मुलुक वा मलेशिया) मा कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।<br>✓ रोङ गाउँपालिका क्षेत्रमा स्थायी बसोबास भएको।<br>✓ सुरक्षित वैदेशिक रोजागारीको क्षेत्रमा काम गरेको व्यक्तिलाई प्राथमिकता दिइने। |

**२. थप योग्यता:**

(क) नेपाली नागरिक,

(ख) उमेर : पुरुष -१८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला - १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको,

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

(ग) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

रोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशुपतिनगर, इलाम २०७३

**३. दरखास्तसाथ संलग्न गर्नुपर्ने:**

(क) मनोसामाजिक परामर्शकर्ताको हकमा : नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति, शैक्षिक योग्यताको प्रमाणित छायाँप्रति, अनुभवको प्रमाणित छायाँप्रति । पेश गरिने सबै छायाँप्रतिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

(ख) रिटर्नी स्वयंसेवकको हकमा : नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति, शैक्षिक योग्यताको प्रमाणित छायाँप्रति, अनुभवको प्रमाणित छायाँप्रति, पासपोर्टमा श्रम स्वीकृतिको छाप लागेको । पेश गरिने सबै छायाँप्रतिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

**४. परीक्षाको किसिम:** मनोसामाजिक परामर्शकर्ताको लागि : लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता र रिटर्नी स्वयंसेवकको लागि : अन्तरवार्ता

**५. आवेदन दस्तूर :** मनोसामाजिक परामर्शकर्ताको लागि रु. ५००।- , रिटर्नी स्वयंसेवकको लागि रु. ३००।-

**६. छनौट परीक्षा मिति :** दरखास्त पेश गर्ने अवधि समाप्त भएपछि प्रकाशन गरिने ।

**७. मनोसामाजिक परामर्शकर्ताको लिखित परीक्षाको पाठ्यक्रम: (बहुवैकल्पिक प्रश्नहरु, पूर्णाङ्क : १००)**

(क) वैदेशिक रोजगारका चुनौती, सवाल र समाधानका उपायहरु, नेपालमा रोजगारीको अवस्था, चुनौती र सम्भावनाहरु,

(ख) आप्रवासनको र मनोसामाजिक अवस्था,

(ग) मनोसामाजिक परामर्शको अवधारणा, प्रकृया, परामर्शको विधि तथा तरिकाहरु, मनोपरामर्शकर्तामा हुनुपर्ने गुणहरु, भूमिका र जिम्मेवारी,

(घ) सामूहिक मनोपरामर्श सेवाको अवधारणा, प्रकृया तथा समूहमा मनोपरामर्श सेवा प्रदान गर्दा ध्यान दिनुपर्ने कुराहरु र समूह संचालन गर्ने व्यक्तिमा हुनुपर्ने सीपहरु,

(ङ) मनोसामाजिक समस्याहरु तथा समस्या समाधानका उपायहरु, तनाव वा दबाब सामना गर्ने तरीकाहरु, लाञ्छनाको अवधारणा र यसमा सहयोग गर्ने मनोपरामर्शको तरीकाहरु, मानसिक रोगप्रति धारणा तथा मानसिक रोगीलाई सहयोग गर्ने तरीकाहरु, मनोसामाजिक परामर्श सेवा दिंदा विश्लेषण गर्ने पक्षहरु, आत्महत्या र रोकथाम गर्ने तरीकाहरु, आप्रवासी कामदारका श्रीमती र बालबालिकाहरुले भोग्नु परेका मुख्य चुनौतीहरु,

(च) सेवाग्राहीको अभिलेख राख्ने तरिकाहरु, कार्ययोजना निर्माण

(छ) नेपालको संविधान तथा स्थानीय तहको अधिकार क्षेत्र तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को कार्यपालिका तथा वडा समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी ज्ञान र रोङ गाउँपालिकाको बारेमा सामान्य जानकारी एवम् श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी सामान्य जानकारी,

(ज) नेपालको भू- राजनीतिक, इतिहास सम्बन्धी सामान्य जानकारी ।

**८. मनोसामाजिक परामर्शकर्ताको कम्प्युटर सीप परीक्षणको पाठ्यक्रम (पूर्णाङ्क : २०)**

Word, Excel, Powerpoint, Nepali and English Typing, Email, Internet

**९. मनोसामाजिक परामर्शकर्ताको अन्तरवार्ताको पाठ्यक्रम (पूर्णाङ्क : २०)**

व्यक्तित्व, विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण, प्रवृत्ति र दृष्टिकोण ।

२०८१-१२-११

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत